## त्रिभुवन विश्वविद्यालय

# कानून संकाय

### डीनको कार्यालय, प्रदर्शनीमार्ग, काठमाडौं

## एलएल्.एम्.कार्यक्रमको प्रवेश परीक्षा सम्बन्धी सूचना ।

त्रिभुवन विश्वविद्यालय, कानून संकाय अन्तर्गतका आंगिक क्याम्पस नेपाल ल क्याम्पस तथा सम्बन्धन प्राप्त क्याम्पस नेशनल ल कलेजमा सञ्चालन हुने दुई वर्षे एल्एल्.एम. तथा नेपाल ल क्याम्पसमा सञ्चालन हुने तीन वर्षे एल्एल्.एम.कार्यक्रमको शैक्षिक वर्ष २०७२/०७३ को प्रथम वर्षमा भर्नाका लागि लिइने प्रवेश परीक्षा सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

१) **आवेदन फाराम वितरण र दर्ताः** २०७२ साल पौष २३ गते देखि २०७२ साल माघ २२ गते सम्म विहान ११.०० बजे देखि दिउँसो २.०० बजे भित्र ।

२) **फाराम उपलब्ध हुने स्थानः** आवेदन फाराम, कानून संकाय, प्रदर्शनी मार्ग काठमाडौंबाट प्राप्त गर्न वा www.fol.edu.np तथा www.nlc.edu.np बाट डाउनलोड गरी **back to back print** गरी बुझाउन सकिनेछ ।

३) **फाराम बुझाउने स्थानः** कानून संकाय, डीनको कार्यालय, प्रदर्शनीमार्ग, काठमाडौं ।

४) **प्रवेश परीक्षा दस्तुरः** रु. १२००।

५) **प्रवेश परीक्षा मिति र समयः** २०७२ साल फागुन १ गते शनिवार बिहान ११:०० देखि २:०० बजे सम्म ।

६) एल्एल्.एम.कार्यक्रममा वर्गीकृत समुहका लागि छुट्टयाईएको कोटा सहित दुई वर्षे एल्एल्.एम. कार्यक्रममा त्रि. वि. को आंगिक क्याम्पस नेपाल ल क्याम्पस, काठमाडौं तथा सम्बन्धन प्राप्त क्याम्पस नेशनल ल कलेज, ललितपुरमा ५०/५० जना तथा तीन वर्षे एल्एल्.एम. कार्यक्रममा

नेपाल ल क्याम्पस काठमाडौंमा मात्र ३५ जनाको एक समूहमा मात्र प्रवेश परीक्षाको योग्यताक्रम (Merit List) को आधारमा मात्र भर्ना लिइनेछ ।

७) प्रवेश परीक्षा विधिशास्त्र विषयमा मात्र लिइने भएको हुनाले कानून स्नातक तहको विधिशास्त्रको पाठ्यक्रम नै प्रवेश परीक्षाको पाठ्यक्रम हुनेछ ।

८) प्रवेश परीक्षामा कूल पूर्णाङ्क १०० को अंकभार देहाय बमोजिम रहनेछ ।

| क्र.सं. | प्रश्नको प्रकृति | प्रश्न संख्या तथा अंकभार | जम्मा अंकभार |
|---|---|---|---|
| १. | वस्तुगत बहुत्तर प्रश्नहरु (Objective Questions-MCQ) | ५०×१ | ५० |
| २. | विषयगतलामो उत्तर प्रश्न | १×२० | २० |
| ३. | विषयगत छोटो उत्तर प्रश्न | २×१० | २० |
| ४. | विषयगत टिप्पणीगत प्रश्न (Short notes) | २×५ | १० |
| | | **जम्मा पूर्णाङ्क** | **१००** |

९) एलएल.एम कार्यक्रममा तपसील बमोजिमका ऐच्छिक विषयहरु मध्ये क्याम्पसले अध्ययन गराउने कुनै दुई ऐच्छिक विषय अध्ययन गर्नु पर्ने भए तापनि तीन वर्षे एलएल.एम.कार्यक्रममा कुनै ऐच्छिक विषय अध्ययन गर्ने विद्यार्थीको संख्या पाँचभन्दा कम भएमा उक्त विषयको पठन पाठन हुने छैन । सो अवस्थामा अन्य ऐच्छिक विषय लिई अध्ययन गर्नु पर्ने भएकोले क्याम्पसले भर्नाका लागि निवेदन माग गरेको समयमा नै आफनो रुचीका आधारमा ऐच्छिक विषयमा १ देखि ६ नम्बरसम्म प्राथमिकता क्रम निर्धारण गरी निवेदन गर्नु पर्नेछ ।

| | |
|---|---|
| ऐच्छिकविषयहरुः | (क) संवैधानिक कानून<br>(ख) वाणिज्य कानून<br>(ग) अन्तर्राष्ट्रिय कानून<br>(घ) फौजदारी कानून<br>(ङ) वातावरणीय कानून<br>(च) शरणार्थी सम्बन्धी कानून |

१०) आवेदन फर्म साथ निम्न लिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

क) कानुन स्नातकवा सो सरह तह उत्तीर्ण भएको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्रहरु एक/एकथान।

ख) हालसालै खिचेको पासपोर्ट साइजको फोटो थान २ ।

ग) त्रि.वि. वाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक वा सो सरह उतीर्ण परीक्षार्थीहरुले त्रि .वि. को समकक्षता प्रमाण-पत्रएवं सम्वन्धित विश्वविद्यालय/शिक्षण

संस्थाको सक्कल माइग्रेसन प्रमाण-पत्र र सो को प्रमाणित प्रतिलिपि दुबै अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

घ) वर्गिकृत समूहमाकोटा दावीगर्ने परीक्षार्थीहरुले आफू उक्त वर्गमा पर्ने कुराको प्रमाण स्वरुप सम्वन्धित आधिकारिक निकायबाट प्राप्त आधिकारिक सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

स्पष्टीकरणः **"आधिकारिक शिफारिस पत्र"** भन्नाले दलितका हकमा राष्ट्रिय दलित आयोग तथा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस, पिछडिएको क्षेत्रका हकमा सम्वन्धित जिल्लाबाट जारी भएको नेपाली नागरिकताको प्रमाणपत्र, आदिवासी/जनजातीहरुको हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको शिफारिस पत्र, अपाङ्गता भएका व्यक्तिको हकमा नेपाल सरकारले तोकेको निकायले जारी गरेको परिचयपत्र, मधेशीको हकमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र  र पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ अनुसार गठित पिछडिएको समुदाय जिल्ला समन्वय समितिको शिफारिसपत्रलाई जनाउनेछ । उपुर्यक्त बमोजिमका कागजात आवेदन फारमका साथ पेश नगर्ने परीक्षार्थीको कोटामा दावी लाग्ने छैन ।

११) प्रवेश परीक्षाको समयावधि ३ घण्टाको हुनेछ ।

१२) प्रवेश परीक्षाको माध्यम अंग्रेजी वा नेपाली दुबै हुन सक्नेछ ।

१३) परीक्षार्थीहरुले उत्तरपुस्तिकामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक अन्य मसी प्रयोग गरेको वा कुनै संकेत भएको उत्तरपुस्तिका परीक्षण गरिने छैन ।

१४) परीक्षार्थीहरुले आवेदन फाराम भर्नु पूर्व यो सूचना तथा आवेदन फाराममा उल्लेखित निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ ।

१५) म्याद नाघी आएको तथा रीत नपुगेको आवेदन फाराम माथि कुनै कारवाही गरिने छैन ।

१६) प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस संकाय एवं सम्बन्धित क्याम्पसहरुबाट प्राप्त गर्न सकिनेछ ।

१७) दुई वर्षे एल्एल्.एम. कार्यक्रमको कक्षा दिवा समूहमा र तीन वर्षे एल्एल्.एम. कार्यक्रमको कक्षा विहानी समूहमा सञ्चालन हुनेछ ।

१८) प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा दुबै कार्यक्रमका लागि प्रवेश परीक्षामा हासिल गरेको अंकको योग्यताक्रम (Merit List) को आधारमा दावी गरेको कोटा समेत खुल्ने गरी सम्पूर्ण परीक्षार्थीहरुको प्राप्तांक सहितको एउटै नामावली प्रकाशित गरिनेछ र सो को जानकारी भर्नाको प्रयोजनका लागि

सम्बन्धित क्याम्पसहरुमा पठाईनेछ । ३५% अंक प्राप्त नगरेका परीक्षार्थीहरु भर्नाका लागि योग्य मानिने छैनन् । यसरी योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा बराबर अंक ल्याउने विद्यार्थीहरुको योग्यताक्रम (Merit List) निम्नानुसार निर्धारण गरिने छ ।

क) स्नातक तहमा प्राप्ताङ्कको प्रतिशत

ख) स्नातक तहमा विधिशास्त्र विषयको प्राप्ताङ्क

(१९) योग्यताक्रम (Merit List) मा रहेका र प्रवेश परीक्षामा न्यूनतम ३५% अंक प्राप्त गरेका परीक्षार्थीहरुले मात्र आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा अध्ययन गर्न चाहेको कार्यक्रममा सम्बन्धित क्याम्पसले भर्नाको लागि तोकेको मिति भित्र निवेदन दिनु पर्नेछ । सम्बन्धित क्याम्पसले भर्नाका लागि तोकेको मितिसम्म आवेदन दिने सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सो को जानकारी भर्ना अगाडि नै तत्काल कानुन संकाय, डिनको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२०) सम्बन्धित क्याम्पसले भर्नाका लागि तोकेको मिति भित्र निवेदन दिएका र योग्यताक्रम (Merit List) मा रहेका विद्यार्थीहरु मध्ये दुई वर्षे एलएल.एम. कार्यक्रममा ३६ स्थानमा खुला र निम्न लिखित वर्गका लागि छुट्याईएको १४ स्थान गरी जम्मा ५० स्थान तथा तीन वर्षे एलएल.एम.कार्यक्रमा २४ स्थानमा खुला र निम्न लिखित वर्गका लागि छुट्याईएको ११ स्थान गरी जम्मा ३५ स्थानमा मात्र भर्ना लिनुपर्नेछ । निम्न लिखित वर्गका लागि छुट्याईएको स्थानमा भर्ना लिंदा सम्वन्धित वर्गका परीक्षार्थीहरुको वीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार मात्र भर्ना लिनुपर्नेछ । वर्गीकृत् समूहमा भर्नाका लागि न्यूनतम ३५% अंकप्राप्त गरेका योग्य उम्मेदवार नभएमा सो स्थानमा समेत योग्यताक्रममा रहेका अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ । क्याम्पसले पहिलो पटक तोकेको मिति भित्र विदेशी विद्याथी भर्ना हुन नआएमा योग्यताक्रममा रहेका अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

| **दुई वर्षे एलएल.एम.** | | **तीन वर्षे एलएल.एम.** | |
|---|---|---|---|
| क) विदेशी | ३ (तीन ) | क) विदेशी | २ (दुई) |
| ख)आदिवासी/जनजाति | ३ (तीन ) | ख)आदिवासी/जनजाति | २ (दुई) |
| ग) महिला | ३ (तीन ) | ग) महिला | २ (दुई) |
| घ) मधेशी | २ (दुई) | घ) मधेशी | २ (दुई) |
| ङ) दलित | १ (एक) | ङ) दलित | १ (एक) |
| च) अपाङ्गता भएका व्यक्ति | १ (एक) | च) अपाङ्गता भएका व्यक्ति | १ (एक) |
| छ) पिछडिएको क्षेत्र | १ (एक) | छ) पिछडिएको क्षेत्र | १ (एक) |
| **जम्मा** | **१४ (चौध)** | **जम्मा** | **११ (एघार)** |

**नोटः** आदिवासी/जनजातिका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरणको अनुरुप टप टु बटमको आधारमा तथा मधेशीको हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिई भर्ना लिनु पर्नेछ ।

२१) सम्बन्धित क्याम्पसले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण अन्तिम भर्ना गरेको मितिले १५ दिनभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

२२) क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित भर्ना भए गरेको पुष्टी भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाका लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले फिर्ता गर्नु पर्नेछ ।

२३) प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा परीक्षा समितिको निर्णय अन्तिम हुनेछ ।

२४) प्रवेश परीक्षा शुल्क वापतको रकम रु १२००। त्रि.वि.कानुन संकाय डीनको कार्यालयको नाममा रहेको नेपाल बैकं लिमिटेडको च.हि.नं. ०२१७-११-०००७२०४ मा जम्मा गरी बैकं भौचर वुझाउनु पर्नेछ ।

२५) यो सूचना www.fol.edu.np तथा www.nlc.edu.np मा पनि हेर्न सकिनेछ ।

मिति : २०७२।९।१९

**(प्रा.डा. तारा प्रसाद सापकोटा)**

**डीन**

**कानून संकाय, डीनको कार्यालय, त्रि. वि.**